कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल


पत्र सङ्ख्या : ०७७/०७८
च. नं. ९११ मिति २०७८/०३/०७

विषय: शुल्क सम्बन्धी जरुरी सूचना ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
कोहलपुर नगरपालिका, बाँके ।

प्रस्तुत विषयमा अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा कार्यान्वयन गर्ने सन्दर्भमा कोहलपुर नगरपालिकाका सबै विद्यालयहरुलाई आ.व. २०७६/७७ देखि नै पठनपाठन तथा परीक्षा सञ्चालन, शिक्षक व्यवस्थापन, शैक्षिक सामग्री, मरम्मत सम्भार कार्यका लागि नगरपालिकाबाट चौमासिक रुपमा अनुदान बजेट रकम पठाइँदै आएको छ । यसैगरी यस शाखाको च.नं. ८८६ मिति २०७८/०२/०१ को पत्रबाट समेत कोहलपुर नगरपालिकामा अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयन गर्ने सन्दर्भमा आधारभूत तहका सबै कक्षाहरुको पठनपाठन तथा विद्यालय सञ्चालन खर्च नगर अनुदानबाट व्यवस्थापन गरिएको हुँदा कोहलपुर नगरपालिका क्षेत्रमा सञ्चालित सबै सामुदायिक विद्यालयका आधारभूत तह (बालविकास र कक्षा १-८) मा सञ्चालन हुने नेपाली तथा अङ्ग्रेजी भाषा माध्यमका कक्षाहरु पूर्ण नि:शुल्क रुपमा सञ्चालन गर्न र अङ्ग्रेजी भाषा माध्यमको छुट्टै कक्षाका नाममा कुनै पनि शुल्क नउठाउने निर्देशन गरिएको अवगतै होला ।

उक्त व्यवस्था र निर्देशनको विपरित हुने गरी कुनै पनि सामुदायिक विद्यालयले आधारभूत तह (बालविकास, कक्षा १-८) मा कुनै पनि प्रकारको अभिभावक शुल्क वा त्यस्तै वा कुनै शीर्षकमा विद्यार्थीहरुबाट शुल्क लिएको वा शुल्क तिर्न बाध्य बनाउन कोशिश गरिएको जानकारी वा सूचना प्राप्त भई सोको सोको पुष्टि भएमा त्यस्तो शुल्क लिने विद्यालयबाट सम्बन्धित विद्यार्थी/अभिभावकलाई तत्काल फिर्ता गराई त्यस्तो विद्यालयलाई कुनै पनि प्रकारको नगर अनुदान रोक्न सकिने र आवश्यक कार्यवाही प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै सबै सामुदायिक विद्यालयहरुले कक्षा ९ र १० को वार्षिक तथा मासिक लगायतका शुल्क संरचना पुस्ट्याइ सहित पेस गर्नुहुन र स्वीकृति लिनु हुन जानकारी गराइन्छ । संस्थागत विद्यालयले विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ बमोजिमको शुल्क संरचना कायम गर्नुहुन र पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक र सन्दर्भ सामग्रीबाट मात्र पठनपाठन हुने व्यवस्था मिलाउनु हुन जानकारी गराइन्छ । साथै सबै संस्थागत विद्यालयहरुले पत्रको मितिले ७ (सात) दिनभित्र अनिवार्य रुपमा विद्यालयको शुल्क संरचना तथा पाठ्यपुस्तकको सूची पेस गर्नुहुन समेत सूचना गरिन्छ ।

(अनन्तकुमार पौड्याल)
शिक्षा शाखा प्रमुख

बोधार्थ
श्री नगरप्रमुखज्यूको सचिवालय, कोहलपुर नगरपालिका, बाँके ।
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरकार्यपालिकाको कार्यालय, कोहलपुर नगरपालिका, बाँके ।